# सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

## सानीभेरी राजपत्र

खण्डः ९ | संख्या :११ | मितिः २०८२/०१/१६


# भाग-२

# सानीभेरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

### औपचारिक, अनौपचारिक र स्वरोजगार क्षेत्रमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्धता कार्यविधि, २०८२

**प्रस्तावनाः** औपचारिक, अनौपचारिक र स्वरोजगारको क्षेत्रमा रहेका श्रमिकहरूको लागि योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम सामाजिक सुरक्षा कोषद्वारा सञ्चालनमा आएको सामाजिक सुरक्षा योजनामा सानीभेरी गाउँपालिका भित्रका औपचारिक, अनौपचारिक र स्वरोजगारको क्षेत्रमा रहेका श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा ३४ को हक तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ (च) मा भएको व्यवस्थालाई कार्यन्वयन गर्न दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी सानीभेरी गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "औपचारिक, अनौपचारिक र स्वरोजगारको क्षेत्रमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्धता कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि सानीभेरी गाउँपालिका कार्यपालिकाबाट स्वीकृत भएको मितिले देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) 'अनौपचारिक क्षेत्रका श्रमिक' भन्नाले औपचारिक प्रबन्धले नसमेटिएका तथा ज्यालादारी रुपमा काम गर्ने सानीभेरी गाउँपालिकाका नेपाली नागरिकहरूलाई सम्झनु पर्छ ।

(ख) 'औपचारिक क्षेत्रमा आवद्ध श्रमिक' भन्नाले प्रचलित कानून बमोजिम यस सानीभेरी गाउँपालिकाले नियुक्त गरेका अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरू, मातहतका कार्यालय र विद्यालयमा कार्यरत अस्थायी तथा करार सेवामा कार्यरत व्यक्ति सम्झनु पर्छ ।

(ग) 'स्वरोजगार' भन्नाले रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा २(ज) बमोजिमको कार्य सम्झनु पर्छ ।

(घ) 'रोजगारदाता' भन्नाले रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा २(ज) बमोजिमको संस्था र व्यक्तिलाई सम्झनु पर्छ ।

(ङ) 'श्रमिक' भन्नाले यस सानीभेरी गाउँपालिकामा औपचारिक, अनौपचारिक तथा स्वरोजगारमा संलग्न १८ देखि ६० वर्ष सम्मका सबै किसिमका नेपाली नागरिकहरू लाई सम्झिनु पर्छ ।

(च) 'ऐन' भन्नाले सङ्घीय सरकारले बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ सम्झनु पर्छ ।

(छ) 'नियमावली' भन्नाले सङ्घीय सरकारले बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ सम्झनु पर्छ ।

(ज) 'यस कार्यविधि' भन्नाले अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्धता कार्यविधि, २०८२ सम्झनु पर्छ ।

(झ) 'सामाजिक सुरक्षा कोष' भन्नाले भन्नाले सङ्घीय सरकारले बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २६ बमोजिम स्थापना कोष सम्झनु पर्छ ।

(ञ) 'न्यूनतम आधारभुत पारिश्रमिक' भन्नाले नेपाल सरकारले बेला बेलामा औद्योगिक क्षेत्रका श्रमिकको लागि तोकेको आधारभुत पारिश्रमिक सम्झनु पर्छ ।

(ट) 'गाउँकार्यपालिका' भन्नाले सानीभेरी गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(ठ) 'सानीभेरी गाउँपालिका' भन्नाले सानीभेरी गाउँपालिका सम्झनु पर्छ ।

(ड) 'अध्यक्ष' भन्नाले सानीभेरी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ढ) 'उपाध्यक्ष' भन्नाले सानीभेरी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ण) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले सानीभेरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(त) 'वडा' भन्नाले सानीभेरी गाउँपालिकाको सबै वडा कार्यालय सम्झनु पर्छ ।

## परिच्छेद-२

## जिम्मेवारी तथा उत्तरदायित्व

**३. सरकार तथा योगदानकर्ताको जिम्मेवारी र उत्तरदायित्वः**

(क) सानीभेरी गाउँपालिकामा स्थायी बसोवास गरि सानीभेरी गाउँपालिका क्षेत्रभित्र औपचारिक तथा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक र स्वरोजगार क्षेत्रमा आवद्ध व्यक्तिहरूलाई सानीभेरी गाउँपालिकाले क्रमश सामाजिक सुरक्षा कोषमा आवद्ध गराउँदै लैजानु सानीभेरी गाउँपालिकाको जिम्मेवारी रहने छ ।

(ख) गाउँकार्यपालिकाले कोषमा योगदान गर्नुपर्ने आवश्यक रकम सुनिश्चितता गरी हरेक आर्थिक वर्षमा गाउँसभाबाट विनियोजन गराउनु पर्नेछ ।

(ग) छनोटमा परेका श्रमिकहरूको तोकिए बमोजिमको कोषमा तोकिउ बमोजिम योगदान गर्नुपर्ने रकम सरकार र योगदानकर्ताले कोषमा जम्मा गर्ने दायित्व हुनेछ । तोकिए बमोजिमको रकम सङ्घ र प्रदेश सरकारले उपलब्ध गराउनुपर्ने सम्मको रकम उपलब्ध नभएसम्म सानीभेरी गाउँपालिकाले व्यहोर्नेछ ।

(घ) सानीभेरी गाउँपालिकाले योगदानकर्तालाई कोषमा आबद्ध गराउनको लागि संघ, मन्त्रालय तथा कोषसँग समन्वय गर्नुपर्नेछ ।

(ङ) कोषको प्रणालिमा सूचीकरण तथा अद्यावधिकको काम सानीभेरी गाउँपालिकाले गर्नुपर्नेछ ।

## परिच्छेद-३

## योगदानकर्ता छनोट तथा सूचीकरण सम्बन्धी व्यवस्था

**४. योगदानकर्ता छनोट र सूचीकरणः**

(१) **कोषमा आबद्ध हुन सक्नेः** सामाजिक सुरक्षा योजनामा सहभागी हुन चाहने औपचारिक तथा अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्ति कोषमा आबद्ध हुन सानीभेरी गाउँपालिकाले सूचना गरे बमोजिम निवेदन दिनु पर्नेछ ।

(२) **निवेदन माग गर्नुपर्नेः** ओपचारिक तथा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरूलाई कोषमा आवद्ध गराउनको लागि गाउँपालिकाले निवेदन माग सहितको सूचना आह्वान गर्नुपर्नेछ । तर यो कार्यविधि लागू हुने पहिलो आर्थिक बर्षको हकमा गाउँसभाबाट स्वीकृत पश्चात निवेदन माग गर्ने अवधि पालिकाले तोकेबमोजिम हुनेछ ।

(३) **निवेदन दिनुपर्नेः** सूचना आह्वान पश्चात तोकिएको समयावधी भित्र कोषमा आबद्ध हुन चाहेमा सम्बन्धित व्यक्तिले औपचारिक क्षेत्रकोले सानीभेरी गाउँकार्यपालिकाको कार्यालयमा र अनौपचारिक क्षेत्र र स्वरोजगारमा आवद्धले आफू स्थायी बसोबास गर्ने वडा कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा आवश्यक कागजात सहित निवेदन दिनुपर्नेछ ।

(४) औपचारिक क्षेत्रकोले सानीभेरी गाउँकार्यपालिकाको कार्यालयमा प्राप्त निवेदन माथि पालिका स्तरिय छनौट समितिले आवश्यक निर्णय गरि क्रमश कोषमा आवद्ध गराउनेछ ।

(५) वडा कार्यालयमा प्राप्त निवेदन माथि दफा ५ बमोजिमको वडा स्तरीय छानविन समितिले निवेदन उपर छानविन गरि अनुसूची-२ बमोजिमको मुल्याङ्कन गर्दै प्राथमिकिकरण गरि गाउँपालिका छनौट समितिमा सिफारिस गर्नेछ ।

(६) वडा कार्यालयबाट सिफारिस भै आएका योगदानकर्ताहरूको विवरण उपर दफा ५ बमोजिमको पालिका स्तरीय छनोट समितिले आवश्यक परिमार्जन गरि कोषमा आबद्ध हुने योग्दानकर्ताहरूको अन्तिम नामावली प्रकाशन गर्नेछ ।

(७) स्वरोजगार क्षेत्रका व्यक्तिहरूको हकमा सम्बन्धित निकायमा दर्ता भए नभएको यकिन गरि दर्ता नभएमा निज स्वरोजगार क्षेत्रमा रहेको सिफारिसपत्र सहित पठाउनेछ ।

(८) छनोट भएका योग्दानकर्ताहरूलाई सानीभेरी गाउँपालिकाले कोषमा आबद्ध गराइ निरन्तरता दिनेछ र आगामि वर्षहरूमा अन्यलाई पनि समावेश गर्दै लैजानेछ ।

**५.** **निर्णय गर्ने अधिकारः** कुनै व्यक्ति औपचारिक तथा अनौपचारिक क्षेत्रमा संलग्न श्रमिक हो वा होइन र कस्लाई सामाजिक सुरक्षा कोषमा संलग्न गराउने लगायत यस कार्यविधि अन्तरगतका विषयका सम्बन्धमा प्रश्न उठेमा सो कुराको निर्णय पालिका स्तरिय छनौट समितिले गर्नेछ।

## परिच्छेद-४

## समिति सम्बन्धि व्यवस्था

६. **योगदानकर्ता छनोट समितिः**

**१. वडा स्तरीय छानविन समितिको गठनः**

| | |
|---|---|
| सम्बन्धित वडाको वडा अध्यक्ष - | संयोजक |
| सम्बन्धित वडाको निर्वाचित ४ जना सदस्यहरू सबै - | सदस्य |
| संयोजकले तोकेको समाजिक क्षेत्रबाट १ जना प्रतिनिधि - | सदस्य |
| सम्बन्धित वडाको वडा सचिव - | सदस्य सचिव |

**२. पालिकास्तरीय छनोट समितिः**

| | |
|---|---|
| सानीभेरी गाउँपालिका अध्यक्ष - | संयोजक |
| सानीभेरी गाउँपालिका उपाध्यक्ष - | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत - | सदस्य |
| आर्थिक विकास समितिका संयोजक - | सदस्य |
| सामाजिक विकास समितिका संयोजक - | सदस्य |
| संयोजकले तोकेको कार्यपालिका महिला सदस्य - | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख - | सदस्य |
| संयोजकले तोकेको समाजिक तथा वित्तिय क्षेत्रको प्रतिनिधि - | सदस्य |
| रोजगार संयोजक - | सदस्य सचिव |

७. **वडा समितिको काम, कर्तव्य र अधिकारः**

क. निवेदकले तोकिएको समयभित्र आवेदन फाराममा भएका सबै विवरण भरी हस्ताक्षर सहितको फाराम आफ्नो स्थायी बसोबास भएको वडा कार्यालयमा बुझाउनुपर्नेछ ।

ख. आवश्यक विवरण र कागजात पुरा गरि प्राप्त भएका निवेदनलाई वडा कार्यालयले दर्ता गरि सङ्कलन गर्नुपर्नेछ ।

ग. संकलित निवेदनको वडा स्तरको समितिले छानविन गरि कोषमा आबद्ध गर्न उपयुक्त श्रमिकहरूको सूची तयार गर्नुपर्नेछ ।

घ. छानविनका क्रममा निवेदकबाट फाराममा उल्लेख भएबमोजिमको सम्पूर्ण विवरण प्राप्त भएको नपाइएमा वा प्राप्त विवरणहरू अपूर्ण भएमा वा आवेदक अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक

भए नभएको, आर्थिक रुपले विपन्न भए नभएको जानकारी प्रष्ट हुन नसकेमा वडा कार्यालयले निवेदकबाट आवश्यक थप विवरणहरू माग गर्न सक्नेछ ।

ङ. थप विवरण माग गर्दा समेत सम्बन्धित व्यक्तिले सबै विवरणहरू उपलब्ध नगराएमा वडा कार्यालयले निजको निवेदनलाई अपूर्ण मानी सो उपर कुनै कारवाही अघि नबढाउन सक्नेछ ।

८. **वडा समितिले सिफारिस गर्नुपर्नेः** वडा कार्यालयले प्रारम्भिक छानविन गरि तयार पारेको कोषमा आवद्ध हुन मापदण्ड पुरा गर्ने व्यक्तिहरूको निवेदन सहितको सूची वडा स्तरिय समितिबाट निर्णय गराइ सिफारिस गर्नुपर्नेछ ।

९. **पालिका स्तरिय छानविन समितिको काम, कर्तव्य र अधिकारः**

क. वडा कार्यालयले प्रारम्भिक छानविन गरि तयार पारेको कोषमा आवद्ध हुन मापदण्ड पुरा गर्ने व्यक्तिहरूको निवेदन सहितको सूचि वडा स्तरिय समितिबाट निर्णय गराइ सिफारिस भएका निवेदन उपर छानविन गर्नेछ ।

ख. औपचारिक क्षेत्रमा कार्यरत श्रमिकबाट प्राप्त निवेदन उपर छानविन गरि निर्णय गर्नेछ ।

ग. मापदण्डमा नपरेका निवेदनहरू कोषमा आवद्धताको लागि अगाडि बढाउन सक्ने छैन ।

घ. कोषमा आवद्ध गराउने व्यक्तिहरूको सूची तयार पारि गाउँकार्यपालिका बाट अन्तिम निर्णय गराउनेछ।

ङ. सूचीमा पर्ने व्यक्तिहरूलाई मात्र सरकारले योगदान गर्नुपर्ने रकमको सहुलियत प्राप्त गरि कोषमा आवद्ध हुन सक्नेछन् ।

च. स्वरोजगारमा संलग्न व्यक्तिहरूलाई सामाजिक सुरक्षा कोषमा जोडन आवश्यक सहजिकरण गर्ने र प्रक्रिया अगाडि बढाउनेछ ।

छ. श्रम ऐन २०७४ तथा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ लागु हुने यस पालिका भित्रका सबै प्रतिष्ठान वा रोजगारदातालाई र सो मातहतका श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध हुन आवश्यक सहजिकरण गर्नेछ ।

## परिच्छेद-५

## विविध

१०. **योगदान रकम उपलब्ध गराउनेः**

क) नियमावली तथा कार्यविधिमा तोकिए बमोजिम गाउँपालिकाको तर्फबाट योगदान गरिदिनु पर्ने रकम सानीभेरी गाउँपालिकाले बजेटको सुनिश्चितता गरि कोषको नाममा जम्मा गरिदिनेछ।

ख) नियमावली तथा कार्यविधिमा बमोजिम रोजगारदाता, अनौपचारिक तथा स्वरोजगारको क्षेत्रमा रहेका योगदानकर्ताले योग्दान गर्नु पर्ने उनिहरूबाट जम्मा गरिनु पर्नेछ ।

११. **कोषमा आबद्ध हुन सक्ने:**

**क**) औपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूको आधारभुत तलवको कम्तीमा ६० प्रतिशत लाई आधार मानी त्यसको २० प्रतिशत रोजगारदाताबाट र ११ प्रतिशत योगदानकर्ताको तर्फबाट जम्मा गरिनेछ ।

**ख)** अनौपचारिक क्षेत्रका श्रमिकको योगदान गर्नुपर्ने रकम ऐन, नियमावली तथा कार्यविधि बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले जम्मा गर्नुपर्ने रकमभन्दा कम रकम जम्मा गरिदिने वा त्यस्तो रकम जम्मा नगरिदिने अवस्थामा योगदानकर्ता आफैले त्यस्तो बाँकी रकम समेत आफै योगदान गर्ने गरी सामाजिक सुरक्षा योजनामा सहभागि हुन सक्नेछ ।

**ग)** स्वरोजगारमा संलग्न व्यक्तिहरूको हकमा सामाजिक सुरक्षाकोषमा आवद्ध हुन स्वयं व्यक्तिले नियमानुसार तोकिएको रकम जम्मा गर्नु पर्ने र गाउँपालिकाले आवश्यक सहजिकरण गरिदिनेछ ।

१२. **पारिश्रमिक नपाएको अवधिको योगदान सम्बन्धी व्यवस्था:**

क) औपचारिक तथा अनौपचारिक क्षेत्रमा कुनै श्रमिकले कुनै कारणले पारिश्रमिक नपाउने अवस्था सृजना भई नियमित रुपमा कोषमा जम्मा गर्नुपर्ने योगदान जम्मा गर्न नसक्ने अवस्था भएमा त्यस्तो श्रमिकको बढीमा तीन महिनासम्म निजले जम्मा गर्नुपर्ने योगदान सानीभेरी गाउँपालिकाले सूचीकृत श्रमिकको नाममा कोषमा जम्मा गरिदिन सक्नेछ ।

ख) उपदफा क) बमोजिम जम्मा गरिदिएको योगदान बापतको रकम सूचीकृत श्रमिकले आर्जन गर्न सक्ने अवस्था हुने भएपछि तोकिए बमोजिम कट्टा वा असुल गर्न सक्नेछ ।

१३. **श्रमिकले योगदान रकम बुझाउनु पर्ने:** श्रमिकले कार्यविधिले तोकिए बमोजिमको योगदान रकम समयमा नै जम्मा गर्नु पर्नेछ अन्यथा सरकारद्वारा कोषमा जम्मा हुने रकम जम्मा हुनेछैन ।

१४. **सुविधा र सहुलियत:** कोषमा आबद्ध भएका योग्दानकर्ताहरूले कोषको ऐन, नियमावली तथा कार्यविधिमा तोकिए बमोजिमको सेवा, सुविधा र सहुलियत प्राप्त गर्नेछन् ।

१५. **बजेट व्यवस्थापन र कार्यान्वयनः**

१) सानीभेरी गाउँपालिकाले आफूले छनोट गरेका योग्दानकर्ताहरूलाई कोषमा आबद्ध गराउन गाउँपालिकाको तर्फबाट निर्णय भए बमोजिम लाग्ने रकम र त्यसको निरन्तरताको लागि बजेटको व्यवस्था गरि गाउँसभाबाट पारित गर्नेछ ।

२) उपदफा १ बमोजिमको बजेटलाई कार्यान्वयन तथा सञ्चालन गर्नको लागि यस कार्यविधिलाई आधार मानि त्यसको उपयोग र कार्यक्रम सञ्चालन गर्नेछ ।

१६. **व्याख्या वा बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा भएमा सानीभेरी गाउँकार्यपालिकाले व्याख्या गर्न वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

१७. **कार्यविधि परिमार्जन तथा संशोधन गर्न सक्नेः** सानीभेरी गाउँकार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिलाई परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

अनुसूची-१

(दफा ४. को उपदफा (३) सँग सम्बन्धित)

**सामाजिक सुरक्षा कोषमा आवद्ध हुने सूचीमा सूचीकृत हुन दिने निवेदनको ढाँचा**

मितिः

.................

श्री .........................................,

सानीभेरी गाउँपालिका, रुकुम पश्चिम ।

**विषयः सामाजिक सुरक्षा कोषमा आबद्ध हुन पाउँ ।**

महोदय,

उपर्युक्त विषयको सम्बन्धमा सानीभेरी गाउँपालिकाले श्रमिकहरूलाई समाजिक सुरक्षा कोषमा आबद्ध गराउने सम्बन्धी मितः..................को सूचना बमोजिम उक्त योजनामा सहभागि हुन म इच्छुक भएको हुँदा **'औपचारिक, अनौपचारिक र स्वरोजगारमा रहेका श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्धता कार्यविधि, २०८२'** मा रहेको शर्तमा मञ्जुर भइ योग्दानकर्ता सुचीमा सूचीकृत हुन आवश्यक कागजात यसै निवेदन साथ संलग्न गरि सविनय अनुरोध गर्दछु ।

निवेदक

हस्ताक्षरः ..............................

नामथरः ................................

ठेगानाः .................................

सम्पर्क नं.: ............................

* आवश्यक कागजातहरूः

- नागरिकताको प्रतिलिपि
- हालसालै खिचेको १ प्रति पासपोर्ट साइजको फोटो
- आफूले श्रम गर्ने गरेको क्षेत्र (जस्तो कृषि, यातायात, निर्माण वा घरेलु कामदार)
- अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक रहेको भनि वडा कार्यालयले गरेको सिफारिसपत्र
- स्वरोजगार क्षेत्रमा संलग्न व्यक्ति भएमा सम्बन्धीत निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी
- औपचारिक क्षेत्रमा कार्यरत श्रमिकले रोजगारदातासंग गरेको सम्झौता पत्रको प्रतिलिपी ।
- बैंक खाता विवरण/चेकको प्रतिलिपि

# निवेदन संग पेश गर्ने फारम

| विवरण | देवनागरिमा | अंग्रेजीमा |
| --- | --- | --- |
| नाम/थर | | |
| बाबुको नाम | | |
| आमाको नाम | | |
| पति/पत्नीको नाम | | |
| बाजेको नाम | | |

| | | | |
| --- | --- | --- | --- |
| जन्म मिति | बि.सं.माः | ई.सं.माः | लिङ्गः |

| | | |
| --- | --- | --- |
| नागरिकता नंः | जारी जिल्लाः | जारी मितिः |
| स्थायी लेखा नं(PAN): | ब्लड ग्रुपः | |

| |
| --- |
| स्थायी ठेगाना |

| | | |
| --- | --- | --- |
| प्रदेशः | जिल्लाः | गा.पा./न.पा. |
| वडा नंः | टोलः | घर नं.: |
| टेलिफोन नं. | मोबाइल नं. | इमेलः |

| |
| --- |
| ईच्छ्याएको व्यक्तिको विवरण |

| | | |
| --- | --- | --- |
| नामः | सम्बन्धः | सम्पर्क नंः |

| |
| --- |
| औपचारिक क्षेत्रको श्रमिकले मात्र भर्ने |

| | | |
| --- | --- | --- |
| रोजगारदाताको नामः | पदः | सुरु नियूक्ति मितिः |
| कार्य अवधिः | हालको आधारभुत तलवः | |

| |
| --- |
| स्वरोजगार क्षेत्रका श्रमिकले मात्र भर्ने |

| | | | | | |
| --- | --- | --- | --- | --- | --- |
| व्यवसायको नामः | | व्यवसायको ठेगाना | प्रदेश | जिल्ला | स्थानीय तह |
| | | | | | |
| व्यवसार दर्ता मितिः | | | वडा नं. | टोल | |
| मासिक योगदान रकम | रु. | | | | |

माथि उल्लेखित विवरणहरू ठिक साँचो हो । योगदान गर्न तोकिएको रकम नियमित जम्मा गर्ने प्रतिबद्धता गर्दछु ।उल्लेखित विवरण अन्यथा भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको दस्तखतः

| दायाँ | बायाँ |
|---|---|
| | |

अनुसूची-२

(दफा ४. को उपदफा (४) सँग सम्बन्धित)

**<u>अनौपचारिक श्रमिकहरूको छनोट/प्राथमिकिकरणको आधारहरू</u>**

| क्र.सं. | श्रमिक को नाम | आफ्नै घर | परिवारमा अन्य रोजगार | कृषि उत्पादन वा आम्दानीले खान पुग्ने महिना | आश्रित परिवारको सदस्य संख्या | घरमूली एकल महिला | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | छैन(२५)/छ(घर को वनावट अनुसार १ देखि २० सम्म) | छैन(२०)/छ(०) | प्राप्ताङ्क= ३६-खान पुग्ने महिना“३ | प्रति आश्रित सदस्यको २ अङ्क(बढी मा १४ अङ्क) | हो(५)/ होइन(०) | १०० |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

आज्ञाले

दिपक बुढाथोकी

प्रमुख प्रशासकीय अधिकृत